# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

# थलरा गाउँपालिका
# बझाङ




महालेखापरीक्षकको कार्यालय
काठमाडौँ, नेपाल

**महालेखापरीक्षकको कार्यालय**
**(प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्याः २०७६।७७ मितिः २०७७/०३/२६
च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
थलरा गाउँपालिका
गाउँपालिकाको कार्यालय,
बझाङ ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

..........................
(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**(प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या : २०७७।७८
च.नं

मिति: २०७७।३।२६

श्री अध्यक्षज्यू,
थलरा गाउँपालिका,गाउँपालिकाको कार्यालय,
बझाङ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले **थलरा गाउँपालिका**को आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.१ करोड ५२ लाख ५० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु २६ लाख ३७ हजार, नियमित गर्नुपर्ने रु.२१ लाख ४० हजार,प्रमाण कागजात पेश गर्नुपर्ने रु ७ लाख ७० हजार र पेश्की रु.९७ लाख ३ हजार रहेको छ ।

३ लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/६/७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको आवश्यक प्रमाण कागजात पेश हुन नआएकोले प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २२(बाईस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**


आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमा हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको,वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ असाढ २६ गते ।

**थलरा गाउँपालिका**
**लेखापलरीक्षण प्रतिवेदन**
**०७५।७६**

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यास संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उदेश्यले गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरिय सेवा प्रदान गर्नु गाउंपालिकाको उदेश्य रहेको छ। यो गाउँपालीका अर्न्तगत ७ वडा रहेको छ।

**स्थानीय संचितकोष :** आर्थिक वर्ष २०७५।७६ स्थानीय संचित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| सि.नं. | आय तर्फ | | सि.नं | व्यय तर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | जम्मा रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | **३२५३५४५५.१५** | १ | **चालु खर्च** | **२२३८०५२४४.४७** |
| | क) नगद | | २ | **पूँजगत खर्च** | **१७३६२८८४३.००** |
| | ख) बैंक | ३२५३५४५५.१५ | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | |
| २ | **राजस्व आन्तरिक आय** | **५१७४४८८७.७२** | | **क) ऋण भुक्तानी** | |
| | क) आन्तरिक राजस्व | ४२६४५५७.०२ | | **ख) व्याज भुक्तानी** | |
| | ख) राजस्व बाँडफाँड | ४७०७१४८०.७ | | **ग) अन्य भुक्तानी** | - |
| | ग) अन्य आय(दखिला गर्न वाँकि) | ४०८८५०.०० | ४ | **लगानी** | - |
| ३ | **वित्तिय हस्तान्तरण** | **३१३२३७९४६.००** | | क) ऋण लगानी | - |
| | क)वित्तिय समानिकरण | १०७५००००.०० | | ख) शेयर लगानी | - |
| | ख) सशर्त अनुदान | १४२१९५२४०.०० | | ग) अन्य लगानी | - |
| | ग) समपूरक अनुदान | ०० | ५ | **धरौटी फिर्ता** | |
| | घ) विशेष अनुदान | १३२६७१३६.०० | ६ | **मौज्दात** | **२३९०२४०१.४०** |
| | (ङ) विषय गत शसर्त | ५०२७५५७०.०० | | क) नगद | ४०८८५०.०० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त** | **१४३३४०००.००** | | ख) बैंक | २८७८१८४७.५७ |
| | क)वित्तिय समानिकरण | ६८३४०००.०० | | ग) धरौटी बाँकी | २५२०००.०० |
| | ख) सशर्त अनुदान | ०० | | घ) चेक साट्न बाँकी | (५५४०२९६.१७) |
| | ग) समपूरक अनुदान | ०० | | | |
| | घ) विशेष अनुदान | ७५०००००.०० | | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | |
| ६ | **वित्तिय व्यवस्था प्राप्ति** | | | | |
| | क) ऋण प्राप्ति | | | | |
| | ख) साँवा प्राप्ति | | | | |
| | ग) व्याज प्राप्ति | | | | |
| | घ) अन्य प्राप्ति | | | | |
| ७ | **विभिन्न कोष तर्फको आय** | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त** | | | | |
| १० | **धरौटी आय** | **२५२०००.००** | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | |
| १२ | **अन्य विविध** | **९२३२२००.००** | | | |
| | **जम्मा** | **४२१३३६४८८.८७** | | | **४२१३३६४८८.८७** |

| वेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **खर्च गर्ने अख्तियारी :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । त्यसैगरी अख्तियारी प्राप्त भएको १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले सम्वन्धित महाशाखा वा शाखा प्रमुख र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने उल्लेख छ । गाउँपालीका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने योजना तथा कार्यक्रमको अख्तियारीप्रदान गरेको देखिन्छ । | |
| २. | **वजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ मसान्तभित्र पारित गर्नुपर्ने व्यवस्था कार्यान्वयन गर्नु पर्दछ । | |
| ३. | **लेखा स्रेस्ता :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सवै गाउँपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले लेखा सफ्टवेयर प्रयोग गरेको छैन । बजेट स्वीकृत गर्दा विषयगत योजनागत नभई एकमुष्ट स्वीकृत गरेको र खर्च अपुग भएमा पछि सभा बाट समर्थन गर्ने गरी खर्च गर्दा वजेट सिमाभित्र खर्च भएको छ भन्ने आधार रहेन भने खर्च नियमसंगत र पादरदर्शी छ भन्न सकिएन । | |
| ४. | **संचितकोष** : स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी वाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयको संचितकोष खाता अनुसार असार मसान्त सम्म रु.१९४९७७६९/८७ रहेकोमा मिति २०७६/५/३ मा मात्र संचित कोष दाखिला गरेको छ । चालु खातामा भएको रु.७९,४३,३७९/८४ र पुँजिगत खाता को रु.६१,०५,२३४/८६ समेत रु.१४०४८६१४.७० रकम सून्य गरी स्थानीय मूल (संचित) कोषमा जम्मा गरेको वैंक स्टेटमेन्ट प्राप्त भएको छ । कार्यालयले आषढ मसान्त भित्र संचित कोष खातामा दाखिला गर्नु पर्दछ । | |
| ५. | **मौज्दात फरक परेको :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ वमोजिम आय व्यय ठिक सँग भएको र लेखाकंन गरेको कुरामा विश्वस्त हुनुपर्ने र घटी जिम्मेवारी सार्न नहुने व्यवस्था छ । गत आ.ब.को लेखापरीक्षण प्रतिवेदनमा अन्तिम मौज्दात रु ३,२६,२५,८७६/१५ उल्लेख भएकोले कार्यालयले सोही रकम जिम्मेवारी सार्नुपर्नेमा रु.३,२५,३५,४५५/१५ मात्र जिम्मेवारी अ.ल्या. गरेको देखिएकोले रु ९०,४२१।-घटी जिम्मेवारी सारेको देखिएकोले सो सम्वन्धमा यकिन गरी मौज्दात भिंडान गर्नु पर्दछ । अन्यथा घटी जिम्मेवारी सारेको रकम असुल गरी दाखिला गर्नु पर्ने देखिएको रु | ९०,४२१/- |
| ६. | **खर्च सम्वन्धी कार्यविधि :**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । खर्च भएका सवै विल भरपाईमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष गरेका कतिपय खर्चको विलभरपाई र कागजातहरु प्रमाणित नगरेको, सिलसिलेवार नराखेको, खर्चको पुष्ट्याई नदेखिएको, तेरिज नमिलाएकोले सवै भुक्तानीमा संलग्न विल भरपाई तथा कागजातहरु यथार्थ भए नभएको | |

| | | |
|---|---|---|
| | सम्वन्धमा आश्वस्त हुन सकिएन । | |
| ७. | **मध्यकालिन खर्च संरचना :** अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्रभित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने यस्तो विधि कार्यान्वयनमा ल्याएको छैन । खासगरी स्रोत छर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लाभलागत विश्लेषण गरी लागत प्रभावकारी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनु पर्दछ | |
| ८. | **वजेट सीमा  निर्धारण समिति :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६(१) वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, वजेटको कूल सीमा, वजेटको क्षेत्रगत सीमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत वजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र वजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत गर्नुपर्ने साथै त्यसरी तयार भएको आगामी आर्थिक वर्षको वजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभि गाउँपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलव्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा गाउँपालिकाले समितिको गठन गरेको जनाएता पनि सो अनुरुप कार्य गरेको देखिएन । नियम तथा कार्यविधिको पालनामा सम्वन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ९. | **वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, वजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सो समिति गठन गरी आगामी वर्षको वजेट तथा कार्यक्रम तर्जुमा गरेतापनि आगामी अर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, कार्यक्रमवीच परिपूरकता कायम गरेको नपाइएकोले सो सम्बन्धमा उचित ध्यान दिनु जरुरी छ । | |
| १०. | **स्रोत नक्सांकन :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, रोजगारीको अवस्था कूल आन्तरिक उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकांक, लैङ्गिक सशक्तिकरण सूचकांक, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्सांकन वा प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आन्तरिक स्रोत परिचालनलाई प्रभावकारी बनाउन  व्यवस्थित ढंगबाट सम्पूर्ण विवरण खुल्ने गरी त्यस्तो स्रोतको नक्सांकन वा प्रोफाइल तयार गरेको देखिएन । | |
| ११. | **लक्ष्य प्रगतिको स्थिति :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष सञ्चालन गरेका विषय क्षेत्रगत कार्यक्रमको भार भारित सहितको प्रगति विवरण तयार गरेको देखिएन । कार्यालयले आ.व.०७५/७६ को समग्र प्रगति प्रतिवेदन तयार गरेको भए पनि कार्यालयले विषय क्षेत्रगत आधारमा शिक्षा, स्वास्थ्य, कृषि, पशु, वन तथा वातावरण, महिला तथा वालवालिका, पूर्वाधार विकास आदिको कार्यान्वय स्थिति देखिने वार्षिक प्रगति प्रतिवेदन तयार गरी त्यसको वार्षिक प्रगति स्थितिको समिक्षा हुनुपर्दछ । | |

| | | |
|---|---|---|
| १२. | **जिन्सी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा नियम ४६,४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छ अधिकार प्राप्त अधिकारीले एक बर्षमा कम्तीमा एक पटक स्वयम वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नु पर्ने र निरीक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएका कुनै मालसामान भएमा मूल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाउनु पर्ने व्यवस्था छ। यसै गरी निरिक्षण प्रतिवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले लिलाम गर्नु पर्ने मालसामान ६ महिना भित्र र मर्मत संभार गर्नु पर्ने भए सोको लागि बजेट व्यवस्था गरी तीन महिना भित्र गरी सक्नु पर्ने व्यवस्था छ। कार्यालयको आ.व. २०७५।७६ को जिन्सी निरीक्षण प्रतिवेदन लेखापरीक्षण अवधि सम्म पनि पेश हुन नआएकोले सो सम्वन्धमा थप विश्लेषण गर्न सकिएन। | |
| १३. | **आन्तरिक आम्दानी दाखिला :** कार्यालयले नगदी रसिद काटी दैनिक रुपमा प्राप्त गर्ने आन्तरिक आम्दानी ढिलोमा पनि ७ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आन्तरीक नियन्त्रण खाता तयार गरेको छैन । वडामा वितरण गरेको रसिद ठेली लेखापरीक्षण अवधिसम्म गाउँपालीकामा फिर्ता नभएकोले लेखापरीक्षणमा पेश हुन सकेन । कुन वडाबाट के कती राजस्व उठ्नु पर्ने हो कति उठयो र कति बाँकि छ यकिन हुन सकिएन। कार्यालयले विभिन्न स्रोत बाट प्रप्त आय बैंकमा जम्मा भए पश्चात वैंक स्टेटमेन्ट र भौचरको आधारमा गोश्वरा भौचर उठाई आम्दानी जनाउने गरेको छ । मूल खातामा सिधै जम्मा भएको राजस्वको हकमा वेनामी भौचर उठाई आम्दानी जनाउदा आम्दानीको वास्तविक आवस्था यकिन गर्न सकिएन। कार्यालयले नियमको पालना गरी आन्तरिक आम्दानीको रकम दैनिक रुपमा दाखिला गर्नुपर्दछ। | |
| १४. | **व्याक हो लोडर संचालन खाता** : कार्यालयले यो वर्ष व्याक हो लोडर खरीद गरी रु.४१,५०,०००/- खर्च लेखेको छ। गाउँपालीकाले यान्त्रिक उपकरणहरु संचालन कार्यविधि स्वीकृत गरेको छैन। लोडर संचालनको छुटै आम्दानी खर्च खाता राखी व्याक हो लोडर संचालन मर्मत संभार,तलव भत्ता,इन्धन खर्च लगायतको खर्च र आम्दानी देखिने गरी खाता आद्यावधिक गरिनु पर्दछ। कार्यालयले दिएको विवरण अनुसार २०७५ मंसिर देखि २०७६ वैसाख मसान्त सम्म ४२४ मिटर देखि ८५४ मिटर सम्म २४१.१ घण्टाकोरु. ८,४३,८५०।- मात्र आम्दानी भएको विवरण पेश गरे पनि पुरै आर्थिक वर्ष सम्मको आम्दानी कति छ उपलव्ध गराउन सकेन। गाउँपालीकाबाट यथार्थ आम्दानीको विवरण पेश हुन नसक्दा यसवाट लगबुक वेगर आफुखुसी संचालन भएको देखिन्छ । ठूलो लगानीमा खरीद मेशिनहरुको मर्मत संभार र संचालन खर्च समेत धेरै हुने देखिएकोले छुटै आम्दानी खर्च खाता रााखी लागत लाभ यकिन गरिनु पर्दछ। पेस भए अनुसारको डोजर आयमा रु.४,०८,८५०/- आम्दानी हुन वाकि छ जसवाट उधारोमै डोजर संचालन भएको देखिन्छ। डोजर संचालन आय सम्वन्धमा छानविन गरी वास्तविकता यकिन गरी दाखिला हुनु पर्ने रु. | ४,०८,८५०/- |
| १५. | **सशर्त अनुदान फिर्ता :** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४, २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशुपंक्षी मन्त्रालय लगायतबाट प्राप्त भई आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। गाउँपालीकाले यो वर्ष ति शिर्षकतर्फ विनियोजित वजेटको शिर्षकगत आम्दानी खर्चको हिसाव राखी वर्षन्तमा खर्च नभई वचत रकम संघीय संचित कोष खातामा पठाउनु पर्ने व्यवस्था छ । गाउँपालीकाले यो वर्ष सामाजिक सुरक्षाको वचत रु.३,५४,४००।- र विषयगत ससर्तको रु.२,८०,०४,४२४।- संघिय संचितकोषमा मिति २०७६३/३१ मा पठाएको देखिन्छ | |
| १६. | **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने | |

| | | |
|---|---|---|
| | कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालिलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो सम्वन्धमा परीक्षण हुंदा गाउँपालिकाले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार गरेको छैन । सञ्चालित कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगवाट सम्पादन गरी उत्तम नतिजा लिन तत्काल आन्तरिक नियन्त्रण प्रणली सम्वन्धी निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । यस सम्बन्धमा कन्टेन्जेन्सी खर्चको सहायक खाता नराखेको,मुल्य अभिवृद्धि कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरीक राजस्व कार्यालयमा नपठाएको, सार्वजनिक खरीद नियमावली २०६४ को दफा ८ अनुसार बार्षिक खरीद योजना तयार नगरेको,आर्थिक कार्यविधि ऐन २०५५ को दफा २० अनुसारको वेरुजुको लगत कायम नगरेको,जिन्सी खाता प्रमाणीत नगरेको र खप्ने सामान सबैको स्पेशिफिकेशन खुलाई दाखिला नगरेको, म.ले.प फाराम नं.२ तयार नगरेको, भ्रमण खर्च नियमावली,२०६४ को दफा २१ अनुसारको भ्रमण अभिलेख नराखेको, गाउँपालिका,वडाहरुवाट विषयगत शाखाको भिन्ना भिन्दै जिन्सी दाखिला गरेको भएपनि जिन्सीको एकिकृत अभिलेख व्यवस्थित नगरेको जस्ता कमजोरी देखिएकोले सुधार हुनु पर्दछ । | |
| १७. | **सार्वजनिक निर्माण :**<br>**कार्यक्रम फरक गरी खर्च लेखेको :** आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार तोकीएको कार्यक्रम वाहिर खर्च गर्न नपाउने व्यवस्था गरेको छ । गाउँपरिषदबाट पारित वजेट तथा कार्यक्रममा थलारा मा.वि को प्राविधिक शिक्षालयको लागि भवन निर्माण को लागि रु १८ लाख बजेट विनियोजन गरेकोमा विद्यालयको प्राविधिक विद्यार्थिकोलागि प्राक्टीकल कक्षा संचालन गर्न सामाग्री खरिद,दैनिक भ्रमण भत्ता लगायतमा खर्च लेखेको देखिएकोले तोकिएको कर्यक्रममा खर्च नगरी निर्माणको बजेट प्रशासनिक/विविध शिर्षकमा खर्च लेखेको रकम अनियमित देखिएको रु. | १८,००,०००/ |
| १८. | **मोतिपुर रेगम सडक :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) अनुसार उपभोक्ता वा लाभग्राही वाट काम सम्पन्न भए पछि कार्यालयको प्राविधिक कर्मचारीवाट नाँपजाँच गराई जन श्रमदानको अंश कटाई वाँकी रकम नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । मोतिपुर रेगम सडक निर्माण कार्यको लागत अनुमान थप कार्य समेत रु १९,६२,४९५।३० रहेकोमा उपभोक्ता समितिले रु २,७९,९९५।३२ व्यहोर्नुपर्नेमा मुल्याङ्कन गर्दा रु.२,०५,१११।४४ मात्र व्यहोरेकोले नपुग रु ७४,८८३/८८ असुल गर्नु पर्ने रु. | ७४,८८३/८८ |
| १९. | **पातिहाल्ला रोड** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) अनुसार उपभोक्ता वा लाभग्राही वाट काम सम्पन्न भए पछि कार्यालयको प्राविधिक कर्मचारीवाट नाँपजाँच गराई जन श्रमदानको अंश कटाई वाँकी रकम मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पातिहाल्ला रोड निर्माणको लागत अनुमान मा रु.१९,८२,५९६।४४ रहेकोमा संझौता अनुसार उपभोक्ता ले रु २,७२,५९६।४४ व्यहोर्नुपर्नेमा रु १९,००,४२६।५३ मात्र व्यहोरेकोले उपभोक्ताको योगदान कम व्यहोरेको रकम असूल गर्नु पर्ने रु. | ११,७४७/२९ |
| २०. | **ड्रइङ्ग अनुसार लागत अनुमान  नभएको :** सार्वजनिक खरिद नियमावली २०६४को नियम १२५(३) अनुसार निर्माण कार्यको भुक्तानी दिंदा उक्त नियमावलीको नियम १० वमोजिम  तयार भएको लागतअनुमान एवं स्वीकृत नर्म्स तथा ड्रईङ डिजाईन वा स्पेसिपिकेशन अनुसार काम सम्पन्न भए नभएको प्राविधिक नाँपजाँच भई प्राप्त प्रतिवेदनको आधारमा मात्र भुक्तानी दिन मिल्ने व्यवस्था छ ।कोल्डस्टोर निर्माण कार्यको ड्रइङ्ग अनुसार लागत अनुमान तयार गरेको छैन पिसिसि (१,२,४) को कार्य गर्दा साइज फरक पारी रु २६८ को कार्यमा रु.१४५७६१।८६ वढी देखाएको र सोह वमोजिम लागत अनुमान पनि वढी हुन गई सोही अनुसार वढी भुक्तान हुन जाने देखिन्छ । साथै उपरोक्त | |

| | | |
|---|---|---|
| | कार्यको दर विश्लेषण पनि गरेको नदेखिंदा अनियमित देखिन्छ । | |
| २१. | **ठेक्का विलको रकम वढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले यो वर्ष ठेक्का संझौता वमोजिम निर्माण व्यवसायीले कवोल गरेको दररेटको आधारमा गणना गरी सोही वमोजिम भुक्तानी दिनु पर्नेमा लागत अनुमानमा उल्लेखित दरको आधारमा गणना गरी भुक्तानी दिंदा निम्नानुसार वढी भुक्तानी हुन गएको रकम असुल हुनु पर्ने देखिएको रु | ५,०६,०००/- |

| ठेक्का नम्वर | आईटम नं. | कामको विवरण | निर्माण व्यवसायी | रनिङ विल नम्वर | निर्माण व्यवसायीको रेट अनुसार हुने रकम | भुक्तानी दिएको रकम | वढी भुक्तानी गरेको रकम |
|---|---|---|---|---|---|---|---|
| ०९ | विभिन्न | सिंचाई कुलो निर्माण | चन्द्रोदय नि.से. | प्रथम | ६,२२,२१०/ | ८,१६,१९५/- | १,९३,९८५ |
| ०८ | ९ | स्टोन मेशिनरी | डि.जि.एस निर्माण सेवा | प्रथम | २,३६,४०० | ३,२९,४००/- | ९३,०००/- |
| ०८ | ६ | पि.सि.सि.१:२:४ | डि.जि.एस निर्माण सेवा | प्रथम | ३,९३,०९१ | ४,४९,८९०/- | ५६,७९९/- |
| ०८ | ५ | पि.सि.सि.१:३:६ | डि.जि.एस निर्माण सेवा | प्रथम | ५३,३००/- | ५८,१७२/- | ४,८७२/- |
| ०६ | १ | अर्थ वोर्क | डि.जि.एस निर्माण सेवा | प्रथम | ११,२१८/- | २६,९२५/- | १५,७०६/- |
| ०६ | ३ | स्टोन सोलि | डि.जि.एस निर्माण सेवा | प्रथम | २३२२० | २६,४३६/- | ३,२१६/- |
| ०६ | ४ | पि.सि.सि.१:३:६ | डि.जि.एस निर्माण सेवा | प्रथम | ५५,१०८/- | ५०,३१०/- | ४,७९८/- |
| ०६ | ६ | आर.सि.सि. | डि.जि.एस निर्माण सेवा | प्रथम | ५,२३,५३९/- | ४,१९,९००/- | १,०३,६३८/- |
| ०६ | ११ | काठको काम | डि.जि.एस निर्माण सेवा | प्रथम | ३७,४८६/- | ७,५००/- | २९,९८६/- |
| | | | | | | | ५,०६,००० |

उपरोक्त वमोजिमको ठेक्काको अतिरिक्त अन्य ठेक्कामा समेत सोही वमोजिम लागत अनुमानको दर राखि भुक्तानी दिएको देखिन्छ ।यसरी संझौता अनुसारको दर भन्दा वढी भुक्तानी भएको यकिन गरी असुल गर्नु पर्दछ ।

| | | |
|---|---|---|
| २२. | **न्यून प्रतिष्पर्धा भएको :**सार्वजनिक खरिद ऐन २०६३ को दफा २६(६) अनुसार बोलपत्र आह्वान गर्दा वोलपत्र दाताहरु वीच आपसमा मिलोमतो गरी वोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता वोलपत्रहरु रद्द गर्न सक्ने व्यवस्था गरेको छ । गाउँपालिकाले यो वर्ष विभिन्न सडक तथा अन्य | |

| | | |
|---|---|---|
| | निर्माण कार्यको लागि देहाय वमोजिमको लागत अनुमान तयार एवं स्वीकृत गरी सोही वमोजिम ठेक्का व्यवस्थाको लागि वोलपत्र आव्हवन गरे वमोजिम विभिन्न वोलपत्रदाता हरुले ४ देखि १९ थान सम्म वोलपत्र फारम लिएकोमा प्रत्येक फरक फरक ठेक्काको लागि निम्नानुसार वोललपत्रदाता हरुले मात्र दर्ता गराए वमोजिम लागत अनुमानको तुलनामा नगन्य मात्र वढी रकम कवोल गरेको र सोही वमोजिम संझौता भएको देखिन्छ । ठेक्का व्यवस्थाको मुल्यांकन गर्दा निर्माण व्यवसायीविच एक आपसमा सहमति नभई स्वतन्त्र प्रतिष्पर्धा भई कम भन्दा कम मूल्यमा ठेक्का लागेको अवस्था देखिएन । कार्यालयले खरिद प्रकृयालई वढी भन्दा वढी प्रतिष्पर्धाको माध्यमद्धारा खरिद कार्य गराउन वोलपत्र दर्ता प्रकृयामा विधुतीय माध्यमलाई प्राथमिकता दिनु जरुरी देखिन्छ । | |

| योजनाको नाम | लागत अनुमान मु.अ.कर वाहेक | वोल पत्र विक्री थान | वोल पत्र दर्ता थान | निर्माण व्यावसायी को नाम | संझौता रकम मु.अ.कर वाहेक | लागतअनुमानको तुलनामा घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| आटाविस सिरेटा सडक निर्माण | ५१,९१,२६६/- | १९ | ३ | चन्द्रोदय सेलागाँउ जे.भी. | ५१,६२,३८७/- | ०.५५ |
| वडा कार्यालय भवन निर्माण १ | ४६,६०,०१७/- | १० | ३ | चन्द्रोदय सेलागाँउ जे.भी | ४०,३५,८४३/- | १५.४६ |
| वडा कार्यालय भवन निर्माण २ | ४८,४४,०९८/- | १८ | ३ | नविन निर्माण सेवा | ४८,४४,०६९/- | ० |
| वडा कार्यालय भवन निर्माण ३ | ४१,६२,५५५/- | १२ | २ | डि.जि.एस निर्माण सेवा | ४१,६१,१०५/- | ०.०३ |
| वडा कार्यालय भवन निर्माण ४ | ४७,१०,२३१/- | १० | ५ | मौभेरी नि.से. | ४६,९६,३०७/- | ०.२९ |
| त्रिभुवन प्रा.लि. भवन निर्माण | २६,५४,७४९/- | ७ | ३ | डि.जि.एस नि.से. | २६,४८,७७६/- | ०.२२ |
| दुग्धेश्वरी नि.मा.वि.भवन निर्माण | २७,२८,३०८/- | ५ | ३ | सैजिवनी नि.से. | २७,२१,९३०/- | ०.२३ |
| त्रिभुवन प्रा.वि. घेरवार निर्माण | ८,६६,९६८/- | ७ | १ | डि.जि.एस निर्माण सेवा | ८,६६,७८७/- | ०.०२ |
| सिंचाई कुलो निर्माण | ८,५७,४६२/- | ४ | १ | चन्द्रोदय नि.से. | ८,५७,१३४/- | ०.०३ |
| खेलकुद मैदान निर्माण | ८,२१.८५३/- | ६ | २ | सुर्मासरोवरनि.से. | ८,२१,११५/- | ०.०८ |
| आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं. १ | ३२,०७,३०९/- | १७ | १ | अनमोल नि.से. | ३२,०३,५७०/- | ०.११ |
| आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं. २ | ३३,९२,४३७/- | १३ | २ | अल्का नि.से. | ३३,८४,९४४/- | ०.२२ |
| आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं. ३ | ३२,८७,४७०/- | १४ | २ | डि.जि.एस निर्माण सेवा | ३२,७३,८०४/- | ०.४१ |
| आधारभुत स्वास्थ्य केन्द्र | ३५,२२,९९८/- | १५ | २ | श्रीसहसलिङ नि.से. | ३५,११,२६२/- | ०.३३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| भवन निर्माण वडा नं. ४ | | | | | | |

उपरोक्त वमोजिमको ठेक्कामा एउटा वडा कार्यालय भवन निर्माणमा वाहेक अन्य १३ योजनामा लागत अनुमानको तुलनामा १ प्रतिशत भन्दा कम रहेको देखियो ।

२३. **विनियोजन नभएको शिर्षकम खर्च :** १०९।०७५।११।१ गाँपालिकाले कार्यपालिकावाट निर्णय गराई अनिलकुमार विष्टको मासुपसललाई डिफ्रिज लगायतको सामान खरिदको लागि रु १,५०,०००।– दिएको देखियो । यसरी गाउँसभावाट रकम विनियोजन नभएको कार्यमा निश्चित व्यक्तीलाई फाईदा पुग्ने गरी कार्यपालिकाको निर्णवाट रकम उपलव्ध गराउनु नियमसम्मत नदेखिएको रु — १,५०,०००/-

२४. **कर विजक वेगर मु.अ.कर भुक्तानी :** मुल्य अभिवृद्दिकर ऐन २०५२ तथा नियमावली २०५३ वमोजिम मु.अ.कर कर विजक जारी गरेको आधारमा मात्र भुक्तानी दिनु पर्ने व्यवस्था गरेको छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिलाई भुक्तानी दिंदा मु.अ.कर वाहेकको रकम मात्र भुक्तानी दिनु पर्ने देखिन्छ । उपभोक्ता समिति मार्फत गराउने कामको लागत अनुमान तयार गर्दा मु.अ.कर लाग्ने आईटम सिमेन्ट,तारजाली,रड लगायतको सामाग्रीमा मु.अ.कर सहितको लागत अनुमान तयार गरेको देखिन्छ ।यसरी तयार गरेको लागत अनुमान अनुसार कामको मुल्यांकन भई सोको भुक्तानी दिंदा मु.अ.कर समेत भुक्तानी भएकोमा मु.अ.कर लाग्ने सामाग्री खपत हुनेP.C.C. Plaster,Reinforcement work लगायतमा प्रयोग हुने नर्म्स अनुसार प्रति घ.मी.कामको अनुपातमा खपत भएको सामाग्रीहरुको भुक्तानीमा मु.अ.कर समेत थप गरी भुक्तानी भएकोले सो रकमको कर विजक जारी गर्नु पर्नेमा देहाय अनुसारका उपभोक्ता समितिहरुले कर विजक पेश नगरेको , पेश गरेकोमा घटी रकमको पेश गरेको, मु.अ.करमा दर्ता नभएको खुला विल पेश गरेको देखियो । यसरी करविजक वेगरको मु.अ.कर भुक्तानी दिन कानुन वमोजिम मिल्ने देखिंदैन । तसर्थ करविजक वेगर मु.अ.कर भुक्तानी भएको रकम निम्नानुसार असुल गर्नु पर्ने देखिएको रु — १,४६,७६७/-

| गो.भौ र मिति | उपभोक्ता समिति | कर विजक प्रयोग भएको सिमेन्टको तौल | कर विजक वेगरको सिमेन्टको मुल्य | कर विजक वेगरको रड र तारको मुल्य | कर विजक वेगरको पाईप को मुल्य | असुल हुनु पर्ने १.५ प्रतिशत अग्रिम कर र मु.अ.कर रकम |
|---|---|---|---|---|---|---|
| ४१४/०७६/२/१७ | मोयल विधुत योजना | - | - | ३२,२९५/- | - | ४,१९८/- |
| ४१८/०७६/२/२८ | डुडेमाडु पार्क निनर्माण | ८३.२ व्याग | ३३.२को रु ३१,५४०। | - | - | ४,१००/- |
| ४३०/०७६/२/३० | हाट टोली वाटो पि.सि. | ९६ व्याग | ५९को रु ५९,०००। | - | - | ८,५५५/- |
| ४४२/०७६/३/१ | खोली वजार वाटो | १२५.१८ व्याग | १२५.१८को रु १,२५,१८०। | - | - | १८,१५१/- |
| ४४९/०७६/३/३ | धौलपुर लांगा | १५.३६ व्याग | १५.३६ व्यागको रु १७,६६४। | २०,२९८/- | - | ४,९३५/- |
| ५१३/०७६/३/१२ | भवानी मा.वि. घेरवार | | | २,०४,२१०/- | - | २९,६१०/- |
| ५१७/०७६/३/१२ | कलसना मन्दिर मर्मत | - | - | २७,१३४/- | - | ३,५२८/- |
| ५६५/०७६/३/१७ | भुवनेश्वर प्रा.वि. भवन | | | १,१९,०७७/- | - | १७,२६६/- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७०३/०७६/३/२५ | रानिघाट लघु जल विधुत | २०३ व्याग | ८३ व्यागको रु ७७,३१६।– | - | - | ११,२१०/- |
| ७१६/०७६/३/२५ | जोगीधार सिंचार्य पोखरी | ५८व्याग | ३३ व्यागको रु ३०,८५५। | - | - | ४,०१२/- |
| ७२६/०७६/३/२६ | पण्डित खा.पा. उ.स. | | | | ३९,७७४/- | ५,१७०/- |
| ७२८/०७६/३/२६ | भवानी मा.वि भवन | १०२ व्याग | ३७व्यागको रु ३७,०००। | ५८,०९९/- | | १३,७८९/- |
| ६१२/०७६/३/२२ | दुलै प्राथमिक वि.उ.स. | - | - | १,३५,३६८/- | - | १९,६२८/- |
| ६४६/०७६/३/२४ | थलरा कोल्ड स्टोर निर्माण उ.स. | | | १८,०३४/- | | २,६१५/- |
| | | | जम्मा | | | १,४६,७६७/- |

२५. **वढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) अनुसार उपभोक्ता वा लाभग्राही वाट काम सम्पन्न भए पछि कार्यालयको प्राविधिक कर्मचारीवाट नाँपजाँच गराई जन श्रमदानको अंश कन्टिजेन्सी वापतको रकम कटाई वाँकी रकम नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण कामको भुक्तानी दिंदा सोको उपभोक्ता समितिलाई संझौता अनुसार रु ३८,१३,९१८/०४ मात्र भुक्तानी दिनु पर्नेमा रु ४१,३२,७२६/९९ भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी दिएको रु ३,१८,८०८/९५ असुल हुनुपर्ने रु — ३,१८,८०८/९५

| **गो.भौ.नं. र मिति** | **योजनाको नाम** | **कामको मुल्यांकन** | **उपभोक्ताको अंश** | **भुक्तानी दिनु पर्ने रकम** | **भुक्तानी दिएको रकम** | **वढी भुक्तानी भएको रकम** |
|---|---|---|---|---|---|---|
| ३५०/०७६/२/६ | मालु भेला वस्ती वचाउ थलरा ९ | ५,९७,७७९/- | २९.८१% | ४,१९,५७९/- | ५,१३,०००/- | १,७८,२००/- |
| ३६८/०७६/२/१६ | कपडा वाल कक्षा उ.स. | ५,६९,५३७/६० | २,४०,५७४/५६ | ३,२८,९६३/०४ | ३,३२,५००/- | ३,५३६/९५ |
| ३७९/०७६/२/१९ | तोडि मन्दिर नि.उ.स. | ७,३५,५५२/- | १,७१,६४९/- | ५,६३,९०३/- | ५,७०,०००/ | ६,०९७/- |
| ६३१/०७६/३/२३ | जडारीगाउँ दोश्रो जलविधुत | १५,८१,१३२/७९ | २२.६९% | १२,२२,३७३/ | १३,५०,०००/- | १,२७,६२७/- |
| ६४६/०७६/३/२४ | थलरा कोल्ड स्टोर निर्माण उ.स. | १४,५७,५९१/- | ११.७२ | १२,७९,१०० | १२,८२,५००/- | ३,४००/- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा : | | | ३८,१३,९१८/०४ | ४१,३२,७२६/९९ | ३,१८,८०८/९५ |

२६. **उपकरण खरिद :** यस गाउँपालिकाको लागि गत वर्ष ठेक्का व्यवस्था भए वमोजिम B.S. Motors PVT.LTD Butwal संग ०७४।४।९ भित्र सप्लाई गर्ने गरी ०७४।३।२७ मा संझौता भएकोमा निज सप्लायर्सले तोकीएको समयमा सप्लाई नगरेकोमा निज सप्लायर्सलाई सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम आवस्यक प्रकृया अपनाई ढिला गरेवापत नियमानुसारको हर्जना लिई सप्लाई गर्नु गराउनु पर्नेमा सो वमोजिम गरेको देखिदैन । साथै सो को भुक्तानी दिन समेत वांकी रहेको २०७५।५।१मा मात्र कचवारी प्रमाणित गरेको आधारमा यो वर्ष २०७५।४।७ मा भुक्तानी भएको देखियो । निज सप्लायर्सले राखेको कार्यसम्पादनको म्याद समेत समाप्त भएको,उक्त उपकरण दाखिला पुर्व मेकानिकल ईन्जिनियरले स्पेकेसिपेकेशन अनुसार भए नभएको सम्वन्धमा चेक जांच गरी प्राप्त प्रतिवेदनको आधारमा दाखिला गर्नु पर्नेमा सो प्रतिवेदन वेगर दाखिला भएको नियम सम्मत देखिएन ।

२७. **ग्रामिण जलस्रोत तर्फ :** परियोजना कार्यक्षेत्र भित्रको वहुआयमिक गरिवीलाई न्यूनिकरण गर्ने र स्वास्थ्यमा सुधार गर्ने उदेश्यका साथ यो परियोजना नेपाल सरकार युरोपेली युनियन र फिनल्याण्ड सरकारको संयुक्त लगानीमा स्थानीय तहमा संचालनमा रहेको छ ।

२७.१ **पूँजिगत तर्फ :**

**दर विश्लेषण नगरेको** : सार्वजनिक खरिद नियमावली २०६४को नियम १० अनुसार निर्माण कार्यकोस्वीकृत नर्मस एवं कार्यको डिजाइन ड्रईङ्ग को यर्थाथता यकिन गरी सोही वमोजिम वास्तविक परिमाणको आधारमा लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था गरेको छ। लागत अनुमान तयार गर्दा दर विश्लेषण गर्नु पर्नेमा दर विश्लेषण गरेको छैन । जसले गर्दा लागत अनुमान वास्तविक हो होइन एकिन गर्न सकिएन ।

| **योजनाको नाम** | **लागत अनुमान रकम** |
|---|---|
| शान्ती नि.मा.वि | १७११६०.०० |
| दिम्ली खेत सिंचाई आयोजना | २७३७७२८.६७ |
| नागौरा खानेपानी | ९७३७८४०.६६ |
| धनकिरान सिंचाई | ११८९८३९.०० |
| शान्ती मा.वि सौचालय निर्माण | १७११६०.०० |
| घोडेमेला मिजिघाट खानेपानी | २०८४४७२.०० |
| निरमुनी खानेपानी | २०३४६५३.४३ |

२७.२ **प्राविधिक मुल्यांकन नगरेको :** सार्वजनिक खरिद नियमावली २०६४को नियम १२५(३) अनुसार निर्माण कार्यको भुक्तानी दिंदा उक्त नियमावलीको नियम १० वमोजिम तयार भएको लागतअनुमान एवं स्वीकृत नर्म्स तथा ड्रईङ डिजाईन वा स्पेसिपिकेशन अनुसार काम सम्पन्न भए नभएको प्राविधिक नाँपजाँच भई प्राप्त प्रतिवेदनको आधारमा मात्र भुक्तानी दिन मिल्ने व्यवस्था छ। उपभोक्ता समितिलाई प्रथम विल बाट भूक्तानी गर्दा प्राविधिक मुल्याङ्कन गरेको छैन । कार्यालयले सामाग्री खरिदको आधारमा मात्र भुक्तानी गरेको छ । स्थलगत रुपमा कति निर्माण भयो सो को आधारमा मूल्याङ्कन नगरी दोस्रो किस्ता पेस्की दिएको नियम सम्मत देखिएन ।

| **योजनाको नाम** | **प्रथम विल भुक्तानी** |
|---|---|

| | |
|---|---|
| डिम्लीखेत सिंचाई आयोजना | १३९४५५४.०० |
| नार्गौरा खानेपानी | ३१५७३४.४३ |
| गोगटी खानेपानी तथा सरसफाई | ३६९४७३.७० |
| धन विसान साना सिंचाई | २२८६४७.०३ |
| छिचिङ्ग खाने पानी योजना | २१२२६८६.८६ |
| सौप्रा सिंचाई योजना | १५९३९७.१० |
| दुर्गा भवानी सौचालय | ६८४३७२.९१ |
| त्रिभुवन मा.वि सौचालय | १०३६२४६.२० |
| नयाँ वस्ती सिंचाई पोखरी गत वार्ष | ११९३०५.०० |
| नयाँ वस्ती सिंचाई पोखरी यस वर्ष | ६६०७४.७७ |
| मल्लो डिम्का वहुउदेश्य खानेपानी गत वर्ष | ४३१७६५.०० |
| मल्लो डिम्का वहुउदेश्य खानेपानी यस वर्ष | १२५६४६४.८२ |
| चिप्लेटी निजीधारा खानेपानी गत वर्ष | १३९३९८२.६२ |
| चिप्लेटी निजीधारा खानेपानी यस वर्ष | २०९९४५.३५ |
| घोडे मेला खानेपानी | १२९२२२.२८ |
| जम्मा : | ९९,१७,७७२/०७ |

२७.३ **नगद अनुदान जम्मा नगरेको :** परियोजना कार्यान्वयन निदेशिका बमोजिम उपभोक्ता समितिले नगद रकम समूदायको खातामा जम्मा गर्नु पर्ने व्यवस्था भएकोमा सो वमोजिम  जम्माा गरेको भौचर समावेश गरेको छैन ।तसर्थ निम्नानुसार नगद समुदायको खातामा जम्मा गर्नु पर्ने देखिन्छ ।

| **योजनाको नाम** | **नदग जम्मा गर्नु पर्ने रकम** |
|---|---|
| सक्काडावाज खानेपानी योजना | ८५५५०० दाखिला गर्नु पर्नेमा ६५०००० मात्र दाखिला गरेकोले नपुग रु.२३५५००।०० |
| घोडेमेला खानेपानी योजना | २०००.०० |
| जम्मा : | २,३७,५००/- |

२७.४ **परियोजना खाता नखोलेको :** परियोजना कार्यान्वयन निर्देशिका बमोजिम गाउँपालीकाले छुट्टै खाता खोल्नु पर्ने व्यवस्था रहेकोमा सो वमोजिम छुट्टै खाता खोलेको छैन । गाउँपालीकाको खाता नै प्रयोग गरेकोले म्याचिङ फण्ड वापतको रकम कुन कुन निकायको कति प्रयोग भयो सो समेत खुलेन ।साथै गाउँपालीकाको आफ्नो श्रोतबाट व्यहोर्ने रकम अन्य केन्द्र तथा प्रदेशको रकम समेत खर्च हुन सक्ने देखियो । अःत निर्देशिकाको पालना गर्नू पर्दछ । यसका  केहि उदाहरणहरु निम्न छन् ।ः

| **योजनाको नाम** | **गाउँपालीकाको अनुपात** |
|---|---|
| सम्काडा वाज वहुउदेश्यीय योजना | १०५६६३७.७८ |
| सुधारीएको चुलो नगरा | ८६२४३.५९ |
| जम्मा : | **११,४२,८८१/३७** |

२७.५ **त्रिभुवन मावि शौचालय निर्माण :** सार्वजनिक खरिद नियमावली २०६४ कोनियम ९७(६) वमोजिम उपभोक्ताले कामको प्राविधिक मुल्यांकन सहित सार्वजनिक निकायमा पेश गरेपछि सार्वजनिक निकायले सो मुल्यांकन तथा विलभर्पाई चेक जांच गरी भुक्तानी दिने व्यवस्था गरेको छ । त्रिभुवन मावि शौचालयको ड्रइङ अनुसारको लागत अनुमान तयार गरेको छैन । ड्रइङ मा शौचालयको चौडाई ७६.८८ फिट रहेकोमा १४.४२ फिट देखाएको नियम सम्मत देखिएन ।

| | | |
|---|---|---|
| २७.६ | **चिप्लेटी निजी धारा निर्माण :**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(६) अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा ड्रईङ अनुसार भए नभएको प्राविधिक रुपमा पुष्टि गर्नु पर्ने व्यवस्था छ ।चिप्लेटी निजी धारा योजनाको विल भुक्तानी गर्दा थप सामाग्री उल्लेख गरी रु २,६०,५४७.९३ खर्च लेखेको छ । उक्त कार्यले लागत अनुमान तथा ड्रइङ समेत संसोधन नगरी कारण समेत नखुलाई थप खर्च लेखेकोले सो सम्वधमा प्रमाण पेश गर्नु पर्ने अन्यथा असूल हुनु पर्ने रु. | २,६०,५४७/९३ |
| २७.७ | **साईट जिन्सी लेजर नराखेको :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ वमोजिम उपभोक्ता मार्फत हुने कार्यको लागि उपभोक्ताले सार्वजनिक निकायवाट प्राप्त निर्माण तथा अन्य सामाग्रि हरुको साईट लेजर खडा गरी सोही वमोजिम यथोचित व्यवस्थापन गरी सहि सदुपयोग एवं संरक्षण गर्नु पर्ने व्यवस्था गरेको छ । कार्यालयले धामिगाउँ र सिकेन्याडी योजनामा सामाग्रिहरु खर्चलेखेर सामाग्रीको मूल्याङ्कन गरेको भएतापनि ति जिन्सी सामानहरु कार्यालयको खातामा नरहेको र साइट जिन्सी लेजर पनि नराखेकोले जिन्सी सामानको समुचित उपयोग हुने देखिएन । तसर्थ सो सम्वन्धमा सम्वन्धित पदाधिकारी जिम्मेवार हुनु पर्दछ । | |
| २७.८ | **जन सहभागिता :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) अनुसार उपभोक्ता वा लाभ ग्राही वाट काम सम्पन्न भए पछि कार्यालयको प्राविधिक कर्मचारीवाट नाँपजाँच गराई जन श्रमदानको अंश कटाई वाँकी रकम नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । कोल्ड स्टोर निर्माणको लागत अनुमान रु १५,२३,०००।७८ रहेकोमा संझौता वमोजिम उपभोक्ता समितिले १५.९६ प्रतिशत जन सहभागिता व्यहोर्नु पर्नेमा व्यहोरेको छैन । सो कार्यको रु.१४,५७,५९१।६० को मुल्याङकन हुदा संझौता अनुसार २,३२,६३२।-जनसहभागिता वापत कट्टा गरी भुक्तानी दिनुपर्नेमा जम्मा रु १,७७,५६४।८८ मात्र कट्टा गरेको देखिएकोले घटी व्यहोरेको रु ५५,०६७/१२ ले असुल गर्नु पर्ने रु. | ५५,०६७/१२ |
| २७.९ | **उखाडी सडक निर्माण कार्य :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) अनुसार उपभोक्ता वा लाभ ग्राही वाट काम सम्पन्न भए पछि कार्यालयको प्राविधिक कर्मचारीवाट नाँपजाँच गराई जन श्रमदानको अंश कटाई वाँकी रकम नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उखाडी सडक निर्माणको लागत अनुमान को तुलनामा मूल्याङकन कम हुँदा जनसहभागिता कम कट्टा गरेको ले वढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु. | ६०,३८५/३२ |
| २७.१० | **लागत अनुमानमा माटो कटानमा फरक पोरको :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(६) अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा ड्रईङ अनुसार भए नभएको प्राविधिक रुपमा पुष्टि गर्नु पर्ने व्यवस्था छ । लागत अनुमान तयार गर्दा निम्नानुसार माटो कटान गरी प्रतिशतको आधारमा माटोको वर्गिकरण गर्दा फरक परेको देखिएकोले लागत अनुमान यथार्थ छैन । जसले गर्दा उपभोक्ता समिति संग कार्य गर्दा वढी/घटी भुक्तानी हुन जाने देखिन्छ । तसर्थ सो सम्वन्धमा सम्वन्धित प्राविधिक कर्मचारी जिम्मेवार हनु पर्दछ । | |

| योजनाको नाम | जाम्मा माटो कटान कार्य | माटोको वर्गिकरण | | | | | जम्मा | फरक |
|---|---|---|---|---|---|---|---|---|
| | | OS | HS | OR | MR | HR | | |
| आठविस देखि | ३८४९९.८२ | १६००९.६३ | १७९४४.३४ | ३५८२.०४ | १२२२.५४ | २००.२६ | ३८९५८.८२ | ४५८.९९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सितेरा सडक | | | | | | | | |
| थलरा दंगाजी सडक | ९९६५.४५ | ३३५६.६२ | ३६५९.३१ | १२३६.२८ | ८२८.१२ | ५२५.४७ | ९६०६.७९ | ३५८.६६ |
| महेन्द्रधार मोयल सडक | १७२८४.१३ | ७७४७.१३ | ५७५१.९८ | ७७८.६७ | ४७८.२४ | ४४८.७५ | १५२०४.७७ | २०७९.३६ |

२८. **ग्रामिण जलस्रोत चालु तर्फ :**

**करजिक जारी नगरेको :**सार्वजनिक खरीद नियमावली २०६४ को नियम १९ अनुसार २० हजार भन्दा माथिको कारोवारमा भ्याट विल जारी गर्नु पर्ने व्यवस्था छ । परियोजनाले आफ्नो उदेश्य पुरा गर्न खानेपानी,सरसफाई तथा जिविकोपार्जन सम्वन्धि योजना तथा कियाकलापहरु संचालानार्थ समाजिक तथा प्राविधिक बिकाश सेवा समूह सहयोगी संस्था (एनजीओ) संग २०७५ पौष देखि आषढ मसान्तसम्म लागु हुने गरी सहयोगी संस्थाको सेवा शुल्क वापत रु.१८,२६,८१०।,तालीम खर्च रु.४,९९,८२६। समेत जम्मा रु.२३,२६,६३६। विभिन्न चार किस्तामा लागत व्यहोर्ने गरी मिति २०७५ पौष १ गते सम्झौता गरेको देखिन्छ । सम्झौताको दफा नं.७ मा कर सम्वन्धि व्यवस्था छ । जसमा प्रस्ताव गरेको रकममा प्रचलित कानून अनुसार लाग्ने सबै कर,आयकर लगायत अन्य करहरु समावेश हुने उल्लेख छ । नियमानुसार श्रोतमा नै कट्टी गर्नुपर्ने कर गाउँपालीकाले संस्थालाई निकासा दिदा कट्टी गर्नेछ । यस सम्झौता संग सम्वन्धित विषयमा नेपाल सरकारको प्रचलित नियमानुसार कुनै कर बुझाउनु पर्ने भएमा सो सम्बन्धि जिम्मेवारी सम्बन्धित संस्थाको हुनेछ भनि सम्झौता गरेको देखिन्छ । सम्झौताको शर्त अनुसार गाउँपालीकाले श्रोतमा नै कर कट्टी गरी निकासा दिएको देखिदैन । संस्थाले प्रत्येक पेश्की र अन्तीम पेश्की फछ्र्यौट गर्दा सम्म नियमानुसार कर विजक जारी गरेको छैन । लेखापरीक्षणको समय सम्म संस्थाले कर छुट बापतको प्रमाण पेश गर्न सकेन । यसरी नियमानुसार एवं सम्झौताको सर्त अनुसार श्रोतमा कर कट्टी नगरेको र नियमानुसारको भ्याट विल समेत जारी नगरेकोले राज्यलाई कर बापतको राजस्व वाट नोक्सान हुन पुगेको देखिन्छ । तसर्थ कट्टी गर्नु पर्ने कर रु.३,४८,९९५।४ असुल गरी राजस्व दाखिला हुनु पर्ने रु. ३,४८,९९६/-

२९ **सोझै खरिदः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुका पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा वढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नमुना परीक्षण गर्दा कार्यालयले २०७५/०७६ मा देहाय बमोजिम रु.२,२१५,७३१/९९को छपाई, कार्यालय सामान, उपकरण आदि खरिद गरेको देखियो । खरिद कार्यमा सवैको सहभागिता र संलग्नतालाई प्रोत्साहित गरी यसलाई मितव्ययी प्रतिष्पर्धात्मक र गुणस्तरीयता बनाउन कार्यालयले ध्यान दिनुपर्छ ।

| **गो.भौ.नं./मिति** | **व.उ.शि.नं.** | **आपूर्तिकर्ताको नाम** | **खरिद विवरण** | **रकम रु.** |
|---|---|---|---|---|
| ६९/२०७५/६/१९ | | न्यू सैलेश्वरी स्टिल एण्ड आल्मुनियम | स्टेसनरी | ११०००० |
| ११८ ख २०७५/८/७ | | मालिका कम्प्युटर सेन्टर | | १००००० |
| २०४/२०७५/९/१३ | | दुर्गा जनरल स्टोर | स्टेसनरी | १२४९५० |
| २०८/२०७५/९/१३ | | उरै सुर्मा अफसेट | छपाई | १४९७२५ |
| ६९३/२०७६/३/२२ | | आयुस सर्जिसियन | उपकरण | १७७६४३ |
| ३९६/२०७६/३/२२ | | ज्योती फेन्सी स्टोर | कार्यालय | ९९५५० |

| | | | | |
|---|---|---|---|---|
| | | | सामान | |
| ७७६/२०७६/३/२६ | | युरेका इन्टरनेशनल | | ४५६७५७ |
| ३१८/२०७६/१/२ | | ओम प्रकास मोवाइल ग्यालरी एण्ड इलेक्ट्रानिक | सोलार | ५२३२७७.९९ |
| ४३४/२०७६/१/३० | | प्रिज्मा सप्लायर्स | | १८३२९७ |
| ४५४/२०७६/२/३ | | उरै सुर्मा स्टेसनरी | छपाई | ९९९९६ |
| १०५/०७५/११/१ | वित्तीय समानिकरण | दिनेशअटो मोटिभ्स( ३००००२१२४) | मोटर साईकल २ थान | ४,९९,८०० |
| १०५/०७५/११/१ | वित्तीय समानिकरण | दिनेशअटो मोटिभ्स( ३००००२१२४) | मोटर साईकल को थप सामान | १,१०,००० |
| २३१/०७६/१/२ | वित्तीय समानिकरण | मालिका कम्प्यूटर सेन्टर | कम्प्यूटर | २,८०,७२९ |
| | | | | २,२१५,७३१.९९ |

३०. **मुल्य अभिवृद्धि कर दाखिला नगरेको :** मुल्य अभिवृद्धि कर नियमावली २०५३(आठौं संसोधन) को दफा ६(ग) अनुसार ठेक्का वा करार अर्न्तगत वस्तु आपूर्ति वापतको मुल्य अभिवृद्दिकर भुक्तानी गर्दा सो कर रकमको ५० प्रतिशतले हुन आउने रकम ठेकेदार वा आपूर्तिकर्ताको नामबाट स्वयमं भुक्तानी गर्ने निकायबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर रकम मात्र सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्ने र सो व्यहोराको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनु पर्ने व्यवस्था छ । उक्त व्यवस्था लागु भएको मिति २०७६।०२।१६ देखि कार्यान्वियन गर्ने गराउने व्यवस्थाको लागि आन्तरिक राजस्व विभागवाट परीपत्र समेत भएको देखिन्छ । कार्यालयले उक्त व्यवस्था वमोजिम ५० प्रतिशत मु.अ.कर रकम स्वयम कार्यालय मार्फत राजस्व दाखिला गर्नु पर्नेमा सो वमोजिम नगरी शतप्रतिशत भुक्तानी दिएको देखिएकोले २०७६।०२।१६ पछिको सवै भुक्तानीको ५० प्रतिशत मु.अ.कर रकम यकिन गरी असुल एवं दाखिला गर्नु पर्दछ ।कार्यालले उपलव्ध गराएको तथा लेखापरीक्षणवाट यकिन गरीएको निम्नानुसारको मु.अ.कर रकम असुल गरी वेरुजु वापतको राजस्व दाखिला गर्नु पर्ने देखिएको रु. २,३७,९८०/५०

| **भौ.नं.र मिति** | **आपूर्ति कर्ताको नाम** | **स्थायी लेखा नं.** | **बिलको मिति** | **कुल भुक्तानी रकम** | **मु.अ.कर रकम** | **दाखिला हुनु पर्ने रकम** |
|---|---|---|---|---|---|---|
| ६५/२०७६/३/२४ | भट्टराई प्लास्टिक शोरुम | ३०१०९५०७८ | २०७६/३/१४ | १८०००० | २०७०७ | १०३५३.५ |
| ६०८/२०७६/३/११ | न्यू नवोदेव ट्रेडर्स एण्ड सप्लायर्स | ३०१५०४३६६ | २०७६/२/१० | १४३१७१ | १६४७१ | ८२३६ |
| ६८७/२०७६/३/२० | कैलास मिडिया प्राली | ६०६८८८५१६ | २०७६/३/१० | ३१३५६० | ३६०७३.१८ | १८०३७ |
| ७८९/२०७६/२/ | सिभिल लिङ्क इन्जिनियरीङ | ६०२११४५७ | २०७६/२/२ | ४९२००० | ६३९६० | ३१९८० |

<table>
<tr><td></td><td>
<table>
<tr><td>२४</td><td>कन्सल्टेन्सी</td><td>८</td><td>२</td><td></td><td></td><td></td></tr>
<tr><td>ठे.नं. ८</td><td>डि.जि.एस नि.से.</td><td>६०३३८०२०६</td><td>०७६/३/१०</td><td>९,७६,३५३/-</td><td>१,१२,३२४/</td><td>५६१६२.००</td></tr>
<tr><td>ठे.नं. ६</td><td>डि.जि.एस नि.से.</td><td>६०३३८०२०६</td><td>०७६/३/१०</td><td>९,८५,०३८/</td><td>१,१३,३२२/</td><td>५६६६१.००</td></tr>
<tr><td>ठे.नं. ४</td><td>डि.जि.एस नि.से.</td><td>६०३३८०२०६</td><td>०७६।०३।२९</td><td>१५,९१,५८७</td><td>१,१३,१०२/</td><td>५६५५१.००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>२३७९८०/५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१.</td><td>विरुवा वितरणको भर्पाई : ११३।०७५।११।२ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । ना.प्र.स.लोकेन्द्र बहादुर धामीलाई विरुवा खरिद एवं वितरणको लागि रु २,८०,०००। पेश्की दिएकोमा उक्त पेश्की फछ्र्योटमा निजले पेश गरेको फंटवारीको परीक्षण हुंदा निजले विभिन्न भपाई वाट खरिद गरेको ८५० थान विरुवा मध्ये ७५० थान वितरण गरेको भर्पाई पेश भएको र ११० थानको रु १५० को दरले विल भर्पाई वेगर खर्च दावि गरेको निजवाट असुल गरी वेरुजु वापतको राजस्व खतामा दाखिला गर्नु पर्ने रु</td><td>१६,५००।–</td></tr>
<tr><td>३२.</td><td>गुगै सडक : १८१।०७५।७६ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) अनुसार उपभोक्ता वा लाभ ग्राही वाट काम सम्पन्न भए पछि कार्यालयको प्राविधिक कर्मचारीवाट नाँपजाँच गराई संभ्कौता अनुसारको जन श्रमदानको अंश कटाई वाँकी रकम नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । गुगै सडकको उपभोक्ता समितिलाई कामको मुल्यांकन भएको रु ५,९१,२२६।-मा उपभोक्ताको अंश रु १,२०,९७५।-कट्टा गरी वांकी रु ४,७०,२५०।-मा अग्रिम कर वापतको रु ४,७५०।-कटाई रु ४,६५,५००।- भुक्तानी दिनु पर्नेमा रु ४,७०,२५०। भुक्तानी दिएकोले वढी भुक्तानी दिएको रु ४,७५०।- असुल गर्नु पर्ने रु</td><td>४,७५०।-</td></tr>
<tr><td>३३.</td><td>वाखा वितरण कार्यक्रम : ३७३।०७६।२।१७ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । नवादेव बाखापालन समुहका सदस्यहरुलाई वाखा वितरणको लागि दिपक वहादुर रोकायालाई रु ३,००,०००।-पेश्की उपलव्ध गराएकोमा उक्त रकमवाट निजले ३७ वडा वाखा प्रति वाखा रु ८,०००,को दरले खरिद गरी उक्त समुलाई ३६ वटा वितरण गरेको संलग्न प्रमाण कागजातवाट देखिएको र एउटा वितरण गरेको नदेखिएकोले उक्त वाखाको रु ८,०००। निजवाट असुल गरी दाखिला गर्नु पर्ने रु</td><td>८,०००।–</td></tr>
<tr><td>३४</td><td>दर रेट फरक पारेको :३१।०७५।८।१८ सार्वजनिक खरिद नियमावली २०६४को नियम १२५(३) अनुसार निर्माण कार्यको भुक्तानी दिंदा उक्त नियमावलीको नियम १० वमोजिम तयार भएको लागतअनुमान एवं स्वीकृत नर्म्स तथा ड्रईङ डिजाईन वा स्पेसिपिकेशन अनुसार काम सम्पन्न भए नभएको प्राविधिक नाँपजाँच भई प्राप्त प्रतिवेदनको आधारमा मात्र भुक्तानी दिन मिल्ने व्यवस्था छ। दिपायल चैनपुर सडक खण्ड सडक मर्मत तर्फ ५५६५.८४ घ.मी. माटो फाल्ने कामको लागि डोजरको दररेट राख्दा प्रति घ.मि.रु ६४.५२ राखेको देखियो । सोको दरविश्लेषणमा उक्त दररेट माटो काट्ने कार्यको रहेको देखिंदा सडकमा थुप्रीएको माटो फाल्ने कामको दर ३२.५६ रहेको पाईएकोले वढी दर</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | राखि भुक्तानी भएको ३१.९६को दरले वढी भुक्तानी हुन गएको रु १,७७,८८४।– असुल हुनु पर्ने रु | १,७७,८८४।– |
| ३५. | **आर्युवेद तर्फ :**७४।०७५।९।१९ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । आर्युवेद औषधालयले आवस्यक औषधि खरिद पश्चात उक्त औषधि जिन्सी दाखिला गर्ने र माग फारमको आधारमा  डिस्पेन्सरीको लागि निकासा गर्ने र डिस्पेन्सरीवाट भएको औषधिको खर्च विमारी संख्या र औषधिको खर्च डाक्टरको औषधि प्रिस्केप्सन संग भिंडान गरी सोको अभिलेखांकन गर्नु पर्नेमा सो वमोजिम नगरी खरिद भएका औषधि जिन्सी दाखिला गरे पश्चात एकमुष्ट खर्चलेखि खाता निल गर्ने र औषधि वितरणको यर्थात अभिलेख राख्नेगरेको नदेखिएकोले औषधि खरिद एवं वितरणको यर्थाथता समेत यकिन गर्न सकिएन ।यस भैचर नं.र मिति वाट औषधि खरिद गरेको भनी रु १,५२,०००।–खर्च दावि गरेकोमा संलग्न फाँटवारीमा रु  १,४२,४२०।-को मात्र विल भर्पाइ रहेको देखिएकोले वढी खर्च दावि गरेको रु ९,५८०।–असुल गरी वेरुजु वापत दाखिला गर्नु पर्ने रु | ९,५८०।– |
| **३६.** | **शिक्षकहरुको विवरण :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२ज) मा स्थानीय तहको आधारभूत तथा माध्यामिक शिक्षा सम्वन्धी व्यवस्था रहेको छ । नगरपालिकाले आफ्नो भौगोलिक सीमानाभित्रको आधारभूत तथा माध्यामिक शिक्षाको नीति, योजना, कार्यक्रम, शैक्षिक कार्यक्रमको समन्वय, विद्यालय अनुदान तथा सोको वजेट व्यवस्थापन, आयव्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन गर्दै विद्यालय तथा त्यसमा कार्यरत शिक्षकहरुको दरबन्दी, नियुक्ति, अवकाश, सरुवा, बढुवा, मृत्यु जस्ता व्यक्तिगत विवरण सहितको अभिलेख खडा गरी राख्नु पर्नेमा त्यसो गरेको देखिएन । यसले समग्र शैक्षिक व्यवस्थापन कमजोर हुने, विद्यालयहरुमा शिक्षकहरुको तलव भत्ता, ग्रेड तथा सुविधाको भुक्तानी यथार्थपरक नहुने, विद्यालयको सम्पत्तिको उचित संरक्षण नहुने भई आर्थिक अनुशासन उल्लंघन हुन सक्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| **३७** | **शिक्षातर्फ पारीश्रमिक कर नकटाएको :**आयकर ऐन २०५८ को दफा ८ अनुसार कुनै पनि प्रकृतिक व्यक्तिले प्राप्त गर्ने रोजगारी आयमा सो ऐन बो असुचि १ मा उल्लेखित दरले कर कट्टा गर्नु पर्ने व्यवस्था छ । गाउँपालीका अन्तरगतका विभिन्न विद्यालयमा कार्यरत शिक्षक,शिक्षिकाहरुको तलव भत्ता निकासा दिंदा ति शिक्षक तथा कर्मचारीहरुको रोजगरी आय ऐनको उक्त व्यवस्था बमोजिम श्रोतमा कर नकटाइ शतप्रतिशत रकम निकासा दिएको देखिन्छ । सम्बन्धित विद्यालयकाहरुले निकासा माग गर्दा पेश गरेको तलव शिटमा समेत शिक्षकको समेत १ प्रतिशत सामाजिक सुरक्षा कर मात्र कट्टा गरी तलव सिट पेश गरेको,कतिपयले पारिश्रमिक कर गणना गरेको भए पनि नियमानुसार लाग्ने कर भन्दा घटी कर कटाएको देखिन आएकोले सो सम्बन्धमा गाउँपालीकाको ध्यानकर्षण जरुरी देखियो । | |
| | सार्वजनिक  सुनुवाई खर्च : ९१/२०७५/६/२१ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । गाउँपालीकामा २०७५।५।३ गते सार्वजनिक सुनुवाई बापतको सहजीकरण गरेवापत रमेश के.सी.को नाममा निम्नानुसार रु ५०,०००।- खर्च लेखेकोमा निजले भत्ता वितरणको विल भर्पाई पेश गरेकोमा सोको परीक्षणमा प्रति व्यक्ती (पदाधिकारी)हरुले  नियमानुसार रु १,५००।-मात्र भत्ता वुझाउनु पर्नेमा रु १०,०००।-को दरले वुझाएको भर्पाई पेश गरेको देखियो । यसरी नियमानुसार नपाउने वढी खर्च लेखेको रु ३५,०००।-मा कर कटाई सकेको हकमा वढी खर्च भएको रु.२९,७५०।- असुल हुनु पर्ने रु. | २९,७५०/- |

| पदाधिकारीको नाम | लिएको भत्ता रकम | लिनु पर्ने | वढी लिएको | दाखिला गर्नु पर्ने कर पछिको रकम |
|---|---|---|---|---|
| धर्म जंग बहादुर सिंह | १०००० | १५०० | ७००० | ५९५०.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विरेन्द्र बहादुर खड्का | १०००० | १५०० | ७००० | ५९५०.०० | |
| | रमेह वहादुर के.सी | १०००० | १५०० | ७००० | ५९५०.०० | |
| | सत्यराज सिंह | १०००० | १५०० | ७००० | ५९५०.०० | |
| | जगदिश बोहोरा | १०००० | १५०० | ७००० | ५९५०.०० | |
| | **जम्मा** | ५०,०००/- | ७५०० | ३५००० | २९,७५०/- | |
| ३८. | **पारिश्रमिक कर :** निम्न कमचारीहरुको आयकर ऐन २०५८ को दफा ८ अनुसारको जम्मा वार्षिक रोजगारी आय मा ऐन वमोजिम कट्टी गर्न पाउने अवकाश कोष कट्टी रकम,दुर्गमभत्ता छुट,विमा छुट पछिको कर योग्य आयमा ऐनको अनुसूचि १ को दफा १(२) तथा आर्थिक ऐन २०७५ अनुसार दम्पत्तीको हकमा पहिलो ४ लाख मा १ प्रतिशत र त्यस पछिको रु १ लाख सम्ममा १० प्रतिशत त्यस पछिको १ लाखमा २० प्रतिशतले हुने रु ११,३७९।-कर दाखिला गर्नु पर्नेमा यो वर्ष रु ५,७००।- मात्र कर दाखिला गरेको देखिएकोले घटी दाखिला गरेको रु ५,६७९/- निजवाट असुल गरी वेरुजु वापतको राजस्व खाता दाखिला गर्नु पर्ने देखिएको रु | | | | | ५,६७९/- |

| कर्मचारीको नाम | रोजगारीबाट प्राप्त जम्मा वार्षिक आय | छुट रकम | करयोग्य आय | दाखिला गर्नु पर्ने कर | दाखिला भएको | छुट भएको रकम |
|---|---|---|---|---|---|---|
| प्रकास भण्डारी | ५२३७९० | ५०००० | ४७३७९० | ११३७९ | ५७०० | ५६७९ |

३९ **पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सूविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुर पश्चिम प्रदेश संसदले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सूविधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार गाउँपालीकाले देहाय बमोजिम वार्षिक रु.५३,३५,२००/- सूविधा वापत यस वर्षको भूक्तानी भएको छ । भने गत वर्षको तलव भत्ता भनि रु.५२,५६,०००/- खर्च लेखेको छ ।

| सि.नं. | विवरण | प्रमुखरअध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष ९ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य ३१ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३०००० | २५००० | २०००० | ८००० | ५००० | |
| २ | सञ्चार सुबिधा मासिक | ११०० | १००० | ५०० | | | |
| | **बार्षिक जम्मा** | ३७३२०० | ३१२००० | २२१४००० | ५७६००० | १८६०००० | ५३,३५,२०० |

३९.१ **पदाधिकारी पारिश्रमिक कर :** आयकर ऐन २०५८ तथा आर्थिक ऐन २०७५ अनुसार प्राकृतिक व्यक्तीको आय जुन वर्षको भए पनि कर गणना गर्ने प्रयोजनको लागि सो आय भुक्तानी भएको वर्षको आयमानि कर गणना गर्नु पर्ने व्यवस्था गरेको छ । यस गाउँ पालिकाले विभिन्न पदाधिकारीहरुको गत वर्षको पारिश्रमिक रु. ५२,५६,०००/- यो वर्ष भुक्तानी भएकोमा उक्त रकम ऐनको उक्त व्यवस्था वमोजिम यस वर्षको आयमा समावेश गरी कर निर्धारण गर्नु पर्नेमा सो वमोजिम कर गणना गरेको छैन । तसर्थ प्रत्येक व्यक्तिको पारिवारिक छुट रु ४ लाख पछिको निम्नानुसारको खुद कर योग्य आयमा देहाय अनुसार रु १,७६,८८०/- कर असुल हुन छुट भएको रकम

<table>
<tr><td></td><td>असुल गरी दाखिला गर्नु पर्ने देखिएको रु
<table>
<tr><th>पदाधिकारी</th><th>वार्षिक कुल आय</th><th>पारिवारिक छुट रकम</th><th>खुद कर योग्य आय</th><th>लाग्ने दर</th><th>असुल हुनु पर्ने रकम</th></tr>
<tr><td>प्रमुखरअध्यक्ष १</td><td>७४६४००.००</td><td>४०००००.००</td><td>३४६४००.००</td><td>१०/२०</td><td>५९२८०.०</td></tr>
<tr><td>उपप्रमुख १</td><td>६२४०००.००</td><td>४०००००.००</td><td>२२४०००.००</td><td>१०/२०</td><td>३४८००.०</td></tr>
<tr><td>वडा अध्यक्ष ९ जना</td><td>४९२०००.००</td><td>४०००००.००</td><td>९२०००.००</td><td>१०</td><td>८२८००.०</td></tr>
<tr><td>जम्मा :</td><td>१८६२४००/-</td><td>१२०००००/-</td><td>६,६२,४००/-</td><td></td><td>१,७६,८८०/-</td></tr>
</table></td><td>१,७६,८८०/-</td></tr>
<tr><td>४०</td><td>वहाल कर : आन्तरिक राजस्व विभागको परीपत्र अनुसार संस्थागत वहाल कर सम्वन्धित निकायले आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नु पर्ने व्यवस्था गरेकोमा यस जिल्ला स्थित विभिन्न सरकारी कार्यालय तथा अन्य संस्थाहरुले उठाएको वहाल कर सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नु पर्नेमा सो वमोजिम नगरी यस गाउँपालिकाको संचितकोषमा दाखिला गरेको देखिएकोले गाउँपालिकाले आम्दानी देखाएको उक्त संस्थागत वहाल रु ८,४३,८५०।- को १० प्रतिशतले हुने रकम वेरुजु वापतको राजस्व खातामा दाखिला गर्नु पर्ने रु</td><td>८४,३८५/-</td></tr>
<tr><td>४१</td><td>आन्तरीक लेखापरीक्षण : स्थानीय सरकार संचालन ऐन २०७४(२) तथा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ मा आन्तरीक लेखा परीक्षण सम्वन्धी व्यवस्था छ । कोष तथा लेखानियन्त्रक कार्यालयबाट आन्तरीक लेखा परीक्षण गरी मिति २०७६/५/१३ मा प्रतिवेदन जारी भएको छ । आन्तरीक लेखापरीक्षणवाट औल्याईका मुख्य व्यहोरा निम्नानुसार छन् । आन्तरीक लेखापरीक्षणबाट औल्याईएको वेरुजू फछर्यौट गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४१.१</td><td>मुल्य अभिवृद्दिबर : मुल्य अभिवृद्दिकर ऐन २०५२ को दफा १४ अनुसार दर्ता भएको व्यक्तीले वस्तु वासेवा आपूर्ति गर्दा प्रापकलाई कर विजक जारी गरी दफा ८ अनुसार मु.अ.कर असुल गर्नु पर्ने व्यवस्था छ । यानी ड्राइभिङ्ग सेन्टर धनगढीले तालिम संचालन गरि बिल भुक्तानी गर्दा रु.१,१२,५००।-को खाना खर्च दावि गरेको र सोही वमोजिम मु.अ.कर समेत भुक्तानी भएकोमा उक्त सेन्टरले रित पूर्वकको कर विजक पेश गरेको नदेखिंदा सो सम्वन्धमा आन्तरिक राजस्व कार्यालय वाट मु.अ.कर समायोजन भएको प्रमाण पेश हुनु पर्ने अन्यथा भुक्तानी भएको मुल्यभिवृद्धि कर रु.१६,८७५।- असूल गर्नु पर्ने रु.</td><td>१६,८७५/-</td></tr>
</table>

<table>
<tr>
<td>४१.२</td>
<td>विलभर्पाई नपुगेको :आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले निम्नानुसार विल भर्पाई भन्दा वढी भुक्तानी गरेको तथा आवस्यक प्रमाण वेगर भुक्तानी भएको रकम सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाई असुल हुनु पर्ने देखिएको रु
<table>
<tr><th>गो.भौ. र मिति</th><th>कार्यकमको नाम</th><th>विलभर्पाई अनुसारको रकम</th><th>भुक्तानी खर्चलेखेको रकम</th><th>वढी भुक्तानी असुल हुनु पर्ने रकम</th><th>कैफियत</th></tr>
<tr><td>आ.ले.प. प्रतिवेदन</td><td>कार्यकम संचालन</td><td>४८६००.००</td><td>५००००.००</td><td>१४००.००</td><td>व.स.रामप्रसाद उपाध्यायको पे.फ.</td></tr>
<tr><td>आ.ले.प. प्रतिवेदन</td><td>होडिङ्ग वोड खरिद</td><td>००</td><td>५०००.००</td><td>५०००.००</td><td>व.का.सडक उ.स.विल पेश नभएको</td></tr>
<tr><td>आ.ले.प. प्रतिवेदन</td><td>भ्रमण विल</td><td>००</td><td>००</td><td>१०४०.००</td><td>सुरेश बहादुर रावललाई वढी भुक्तानी</td></tr>
<tr><td>१०।०७६।२।१४</td><td>खा.पा. मर्मत</td><td>००</td><td>००</td><td>१०८५.००</td><td>कोसेडि खा.पा. उ.स.वढी भुक्तानी</td></tr>
<tr><td>१३।०७६।२।१४</td><td>करेसा वारी निर्मा(ा</td><td>००</td><td>००</td><td>२४६५.००</td><td>आरन करेसा वारी उ.स.</td></tr>
<tr><td></td><td>जम्मा :</td><td></td><td></td><td>१०,९९०/-</td><td></td></tr>
</table>
</td>
<td>१०,९९०/-</td>
</tr>
<tr>
<td>४१.३</td>
<td>अग्रिम आयकर :आयकर ऐन २०५८ को दफा ८८ एवं ८९ अनुसार निम्नानुसारको भुक्तानीमा देहाय अनुसार कर कट्टा गरी भुक्तानी दिनु पर्नेमा सो वमोजिम कट्टा नगरेको एवं घटी कट्टा र कट्टा गरेको रकम समेत ऐनको दफा ९० अनुसार दाखिला नगरेकोले देहाय अनुसार कर कट्टा एवं दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने देखिएको रु
<table>
<tr><th>गो.भौ. र मिति</th><th>भुक्तानी विवरण/भुक्तानी पाउनेको नाम</th><th>भुक्तानी रकम</th><th>कट्टा गर्नु पर्ने करको दर</th><th>घटी कट्टा गरेको रकम असुल गर्नु पर्ने</th></tr>
<tr><td>आ.ले.प प्रतिवेदन</td><td>मौरी खर्क निर्माण उ.स ढुवानी भाडा</td><td>२००००.</td><td>१०</td><td>२०००.००</td></tr>
<tr><td>आ.ले.प प्रतिवेदन</td><td>भवानी मा.वि माडाकाट्ने ढुवानी भाडा</td><td>७२०००</td><td>१०</td><td>७२००.००</td></tr>
<tr><td>आ.ले.प प्रतिवेदन</td><td>शारदा मा.विको सौचालय निर्माण</td><td>१२९३३४.</td><td>१.५</td><td>१९४०.००</td></tr>
<tr><td>आ.ले.प प्रतिवेदन</td><td>शारदा मा.विको सौचालय निर्माण</td><td>७७०६००</td><td>१</td><td>७७०६.००</td></tr>
<tr><td>आ.ले.प प्रतिवेदन</td><td>सिअहेव सुरेश बहादुर रावल(कर नपुग)</td><td>००</td><td>००</td><td>१५६२१.००</td></tr>
<tr><td>आ.ले.प प्रतिवेदन</td><td>अनमीजुनु कुमारी ऐर (कर नपुग)</td><td>००</td><td>००</td><td>१६२२०.००</td></tr>
<tr><td></td><td>जम्मा :</td><td></td><td></td><td>५०,६८७/-</td></tr>
</table>
</td>
<td>५०,६८७/-</td>
</tr>
<tr>
<td>४१.४</td>
<td>कृषि प्रतिवेदन : सार्वजनिक खरिद नियमावली २०६४को नियम १२४(१) मा खरिद संझौता वमोजिमको कार्य सम्पन्न भई सार्वजनिक निकायले सो कार्य स्वीकार गरेपछि आपूर्तकर्ता,निर्माण व्यवसायी,सेवा प्रदायक वा परामर्शदातालाई करारका शर्त वमोजिम अन्तिम भुक्तानी दिन पर्ने व्यवस्था गरेको छ । ना.प्रा स विनोद रावललाई कृषि प्रतिवेदन तयार गरे वापत रु १०,०००।- भुक्तानी दिएकोमा निजले प्रतिभा डिजिटल फोटो स्टुडियोको सहि छाप नभएको विल पेश गरेको र</td>
<td></td>
</tr>
</table>

<table>
<tr><td></td><td>सो प्रतिवेदन पनि पेश नगरेकोले संझौता वमोजिम पूर्णरुपमा कार्य सम्पन्न नगरी भुक्तानी दिएको देखिएकोले खर्च पुष्टि हुन सकेन । तसर्थ सोको प्रमाणित विल तथा सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने अन्यथा भुक्तानी भएको उक्त रकम असुल हुनु पर्ने देखिएको रु</td><td>१०,०००/-</td></tr>
<tr><td>४१.५</td><td>नर्म्स भन्दा वढी भुक्तानी : पशुपंक्षि कृषक पाठशाला संचालन कार्यविधि अनुसार निम्नानुसार भत्ता भुक्तानी गर्न सकिने व्यवस्था भएकोमा वडा नं.४मा आलुकृषक पाठशाला संचालन गर्दा स्रोत व्यक्ति,सहजकर्ता लगायतलाई देहाय नुसार उक्त नर्म्समा तोकिएको दर भन्दा वढी दरमा भत्ता भुक्तानी गरेको देखिएकोले वढी भुक्तानी दिएको रकम असुल गरी वेरुजु वापतको राजस्व खातामा दाखिला गर्नु पर्ने देखिएको रु
<table>
<tr><td>भुक्तानी विवरण</td><td>भुक्तानी लिनेको नाम</td><td>नर्म्स अनुसारको दर</td><td>भुक्तानी पाउने रकम</td><td>भुक्तानी भएको रकम</td><td>वढी भुक्तानी भएको रकम</td></tr>
<tr><td>सहजिकरण भत्ता (Non Officer)</td><td>लोकेन्द्र व.धामी</td><td>३५०</td><td>८००.००</td><td>२०००.००</td><td>१२००.००</td></tr>
<tr><td>सहजिकरण भत्ता ( Officer)</td><td>गणेश व.सायर</td><td>४००</td><td>१२४००.</td><td>२९०००.०</td><td>१६६००.००</td></tr>
<tr><td></td><td>विष्णु व. विष्ट</td><td>४००</td><td>१२४००</td><td>२९०००.०</td><td>१६६००.००</td></tr>
<tr><td></td><td>जम्मा :</td><td></td><td></td><td></td><td>३४,४००/-</td></tr>
</table></td><td>३४,४००/-</td></tr>
<tr><td>४१.६</td><td>क्षमता विकास तालिम : ५३७।०७६।३।१३ सार्वजनिक खरिद नियमावली २०६४को नियम १२४(१) मा खरिद संझौता वमोजिमको कार्य सम्पन्न भई सार्वजनिक निकायले सो कार्य स्वीकार गरेपछि आपूर्तकर्ता,निर्माण व्यवसायी,सेवा प्रदायक वा परामर्शदातालाई करारका शर्त वमोजिम अन्तिम भुक्तानी दिन पर्ने व्यवस्था गरेको छ । वित्तीय समानिकरण तर्फवाट यस गाउँपालिकाका जन प्रतिनिधिहरुलाई क्षमताविकास तालिम दिने प्रयोजनको लागि पाथिभेरा मिडिया हाउसका पत्रकार सुवास कठायत संग रु २,५०,०००।मा संझौता भए वमोजिम निजले तालिम संचालनको कममा निम्नानुसार खर्च भएको विवरण पेश गरेको भए पनि उक्त तालिम संचालनको प्रस्ताव, पेश नभएको,तालिमको विषय वस्तु स्पष्ट नगरेको,कुन विषयमा तालिम दिएकोहो,सो खुल्ने आधार प्रमाण पेश नभएको र प्रस्तुत खर्च विवरण समेत अस्वभाविक रुपमा वढी भएको देखिएकोले उक्त तालिम संचालनमा भएको खर्चको यर्थाथता यकिन गर्न सकिएन । तसर्थ सो सम्वन्धमा वास्तविकता यकिन गरी अस्वभाविक रुपमा वढी खर्च दावि भएको रकम असुल गर्नु पर्ने देखिएको रु
<table>
<tr><td>खर्च विवरण</td><td>भुक्तानी पाउनेको नाम</td><td>भुक्तानी गरेको रकम</td></tr>
<tr><td>स्टेशनरी वापत भुक्तानी</td><td>नखुलेको</td><td>१८०५००.००</td></tr>
<tr><td>प्रशिक्षक भत्ता</td><td>लाल व. एडी</td><td>३५०००.००</td></tr>
<tr><td>सहयोगी भत्ता</td><td>रमाकान्त जोशी</td><td>१००००.००</td></tr>
<tr><td>अन्य विविध</td><td>नखुलेको</td><td>२५०००.००</td></tr>
<tr><td></td><td>जम्मा :</td><td>२५००००.००</td></tr>
</table></td><td>२,५०,०००/-</td></tr>
<tr><td>४१.७</td><td>फरक शिर्षकमा खर्च :७३१।०७६।३।१३आर्थिक कार्यविधि नियमावली २०६४को नियम ३५ अनुसार जुन शिर्षकमा वजेट विनियोजन भएकोहो सोही शिर्षकमा खर्च गर्नु पर्ने व्यवस्था गरेको छ । स्थानीय निकायले सम्वन्धित गाउँसभा वा नगरसभा वाट जुन योजनामा रकम विनियोजन भएकोहो सोही योजनमा खर्च गर्नु पर्ने देखिन्छ । वित्तीय समानिकरण तर्फको योजना वाँडफाँड किताव अनुसार माछा पालन अध्यन अनुसन्धान को लागि छुट्टाईएको रु १,९०,०००।-सोही योजनमा खर्च गर्नु पर्ने</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | सो योजनामा खर्च हुन नसकेमा नियमानुसार रकम फ्रिज गर्नु पर्नेमा सो वमोजिम नगरी योजनमा नभएको पोखरी निर्माणमा खर्च गरेको देखाईएकोले अनियमित देखिएको रु | १,९०,०००/- |
| ४२. | **पेश्की वाँकी :** आर्थिक कार्याविधि नियमावली २०६४ को नियम ७९ वमोजिम कर्मचारी एवं निकायले लिएको पेश्की तोकिएको समयमा फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । कार्यालयले दिएको निम्न पेश्की वर्षान्त सम्म फछ्र्यौट भएको नदेखिएकोले निम्नानुसारको पेश्की रकम नियमानुसार असुल फछ्र्यौट गर्नु पर्ने रु. | ९७,०२,९७०/- |

| सि.नं. | मिति | पेश्कि लिनेको नाम | यस बर्षको पेश्कि |
|---|---|---|---|
| | २०७६/३/१६ | अनमोल निर्माण सेवा | ४७१७१४.०० |
| | २०७६/३/१७ | सहर्षलिङ्ग निर्माण सेवा | ७०००००.०० |
| | २०७६/३/१७ | अल्का निर्माण सेवा | ६७६९८८.०० |
| | २०७६/३/३० | सारदा मा.वि शौचालय | ४०४०००.०० |
| | २०७६/३/३० | भवानी मा.वि भवन निर्माण | ९९२०००.०० |
| | २०७६/३/३० | शान्ति मा.वि भवन निर्माण | ९९२०००.०० |
| | २०७६/३/३१ | शान्ति मा.वि भवन निर्माण | १६०००००.०० |
| | २०७६/२/२८ | संजिवनी निर्माण सेवा | ५४४३८६.०० |
| | २०७६/२/३० | मौभेरी निर्माण सेवा | ९३९२६१.०० |
| | | चन्द्रोदय निर्माण सेवा | ७०००००.०० |
| | २०७६/३/६ | डी जी एस निर्माण सेवा | ५८२६२१.०० |
| | २०७६/३/३ | नविन निर्माण सेवा | ७०००००.०० |
| | २०७६/२/१४ | अनिल नेपाली | १०००००.०० |
| | २०७६/२/३० | कलु देवि नेपाली | १०००००.०० |
| | २०७६/३/४ | जोखे सुनार | १०००००.०० |
| | २०७६/३/१० | हिरा देवि सुनार | १०००००.०० |
| | | **जम्मा** | ९७,०२,९७०/- |

| | | |
|---|---|---|
| ४३. | **न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको व्यवस्था रहेको छ । कायालयले यो वर्ष न्यायिक समितिमा केकति किसिमको उजुरी परेको हो कति मुद्दा दर्ता, फछ्र्यौट तथा अन्य निकायमा लेखी पठाएको सो को विवरण लेखापरीक्षणको समयमा उपलब्ध नभएकोले सो सम्वन्धमा थप विश्लेषण गर्न सकिएन । | |

४४. **सम्परीक्षण :-** आर्थिक कार्यविधि ऐन २०५५ को दफा १८ मा लेखापरीक्षणवाट औल्याएको वेरुजु सम्वन्धमा प्रमाण पेश गरी वा नियमित गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने तथा दफा १९ मा महालेखपरीक्षकको कार्यालयवाट लेखापरीक्षण हुँदा औल्याइएको वेरुजु सम्वन्धमा सो वेरुजूको सूचना प्राप्त गरेको ३५ दिन भित्र सम्वन्धित कार्यालयले तोकिए वमोजिम फछ्र्यौट गरी सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । कार्यालयले हाल सम्मको वेरुजू वाँकीको लगत अद्यावधिक गरेको छैन । लेखापरीक्षणको अवधिमा कार्यालयले निम्नानुसार वेरुजू फछ्र्यौट गरी संपरिक्षणको लागि अनुरोध भै आए बमोजिम देहाय अनुसार रु.१४,२०,७५८।- सम्परीक्षण गरीएको छ ।

| **आ.व** | **दफा** | **सम्परीक्षणको लागि अनुरोध भएको रकम** | **सम्परीक्षण गरीएको रकम** | **सम्परीक्षणको व्यहोरा** |
|---|---|---|---|---|
| ०७४/७५ | ३६ | ११७००.०० | ११७००.०० | बेरुजु खातामा दाखिला |
| ०७४/७५ | २१ | ९४००००.०० | ९४००००.०० | बेरुजु खातामा दाखिला |
| ०७४/७५ | ३६ | २०००.०० | २०००.०० | बेरुजु खातामा दाखिला |
| ०७४/७५ | ३२ | ६००००.०० | ६००००.०० | बेरुजु खातामा दाखिला |
| ०७४/७५ | ३६ | १२६००.०० | १२६००.०० | बेरुजु खातामा दाखिला |
| ०७४/७५ | ३३.२ | १०००००.०० | १०००००.०० | बेरुजु खातामा दाखिला |
| ०७४/७५ | ३६,३२ | ६९४५८.०० | ६९४५८.०० | बेरुजु खातामा दाखिला |
| ०७४/७५ | ३७ | २२५०००.०० | २२५०००.०० | पेश्की फछ्रेयौट प्रमाण पेश |
| **जम्मा** | | **१४,२०,७५८/-** | **१४,२०,७५८/-** | |

अनुसूची- १

## थलरा गाउँपालिकाको सञ्चित कोष विवरण

२०७५।७६ ( रु.हजारमा)

| स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | यस वर्षको जम्मा आय | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | यस वर्षको जम्मा खर्च | |
| | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| थलरा गाउँपालिका | बझाङ | **३२५३५** | ११४३३४ | २१३२३८ | ६१२२९ | **३८८८०१** | २२३८०५ | १७३६२९ | ० | **३९७४३४** | **२३९०२** |

अनुसूची : २

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७५।७६

(रु.हजारमा)

| जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | अशुल गनुंपनें | नियमित गनुंपनें | | | | | पेश्की | | |
| | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| बझाङ | थलरा | ३२ | ३१ | १५२५० | ० | ० | ० | ३२ | ३१ | १५२५० | २६३७ | २१४० | ७७० | ० | ० | **२९१०** | ४०० | ९३०३ | ९७०३ |

अनुसूची- ३

## अद्यावधिक वेरुजू स्थिति

**२०७५।७६** (रु.हजारमा)

| क्र. स | स्थानीय तह | जिल्ला | गत वर्ष सम्मको बाँकी | यो वर्षको फछ्र्योट | बाँकी | यो वर्ष सं.प बाट कायम भएको वेरुजू | यस वर्षको वेरुजू | कुल वाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | थलरा गाउँपालिका | **बझाङ** | **१८५००** | १४२१ | १७०७९ | ० | १५२५० | ३२३२९ |